# सुन्दरबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
गण्डकी प्रदेश, नेपाल


प. सं. : २०७९/८०

च. नं. :

मिति : २०८०/०१/०७

**विषय : विज्ञमा सूचीकृत हुन दरखास्त दिने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा सुन्दरबजार नगरपालिकाको नगर शिक्षा समितिको निर्णय बमोजिम करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि विज्ञहरु सूचीकृत गर्नुपर्ने भएकाले तपसील बमोजिम योग्यता पुगेका व्यक्तिहरुले नेपाली नागरिकताको प्रमाणपत्र तथा देहायको योग्यता पुगेको पुष्टि गर्ने कागजातहरुको प्रतिलिपि संलग्न राखी सुन्दरबजार नगरपालिकामा एक हजार रुपैयाँको राजस्व तिरी १५ दिन (२०८०/०१/२१ गते) कार्यालय समय भित्र हस्तलिखित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

क) प्राथमिक तहको शिक्षक छनौटको विज्ञ हुनका लागि जुनसुकै विषयमा शिक्षा शास्त्रमा स्नातक सहित कुनै संकायमा स्नातकोत्तर तह उत्तीर्ण तथा प्राथमिक शिक्षकको रुपमा कम्तीमा १० वर्ष वा निम्न माध्यमिक शिक्षकको रुपमा कम्तीमा ७ वर्ष वा माध्यमिक शिक्षकको रुपमा कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको,

ख) निम्न माध्यमिक तहको शिक्षक छनौटको विज्ञ हुनका लागि सम्बन्धित विषयमा शिक्षा शास्त्रमा स्नातक उत्तीर्ण वा सम्बन्धित विषयमा जुनसुकै संकायबाट स्नातक उत्तीर्ण गरी शिक्षा शास्त्रमा जुनसुकै विषयमा जुनसुकै अवधिको स्नातक उत्तीर्ण तथा कुनै विषयमा स्नातकोत्तर तह उत्तीर्ण भएको साथै निम्न माध्यमिक शिक्षकको रुपमा कम्तीमा १० वर्ष वा माध्यमिक शिक्षक रुपमा कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको,

ग) माध्यमिक तहको शिक्षक छनौटको विज्ञ हुनका लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह तथा शिक्षा शास्त्रमा स्नातक उत्तीर्ण साथै सम्बन्धित विषयको माध्यमिक शिक्षकको रुपमा कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको,

घ) माध्यमिक तहको विज्ञान विषयको शिक्षक छनौटको विज्ञ हुनका लागि विज्ञान विषयमा स्नातक उत्तीर्ण भई शिक्षा शास्त्रमा स्नातक उत्तीर्ण भएको तथा कुनै विषयमा स्नातकोत्तर उत्तीर्ण साथै माध्यमिक तहको विज्ञान विषय शिक्षकको रुपमा कम्तीमा ७ वर्ष स्थायी सेवा गरेको,

ङ) माध्यमिक तहको संस्कृत तर्फका विषयहरु र कम्प्युटर विज्ञान विषयका लागि सम्बन्धित विषयमा स्नातक गरी शिक्षा शास्त्रमा जुनसुकै विषयमा जुनसुकै अवधिको स्नातक उत्तीर्ण र ५ वर्षको स्थायी सेवा अवधि भएको शिक्षकलाई शिक्षक छनौटको विज्ञमा सूचीकृत हुन योग्य मानिनेछ।




फोन नं. : ०६६ ४०२२२६website : www.sundarbazarmun.gov.npemail : edusundarbazar@gmail.com

च) साविक उच्च माध्यमिक तहको शिक्षक छनौटको विज्ञ हुनका लागि सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण तथा कुनै विषयमा शिक्षा शास्त्रमा स्नातक उत्तीर्ण साथै माध्यमिक शिक्षकको रुपमा १० वर्ष स्थायी सेवा गरेको,

पुनश्च :

१. साविक उच्च माध्यमिक तहको विज्ञान विषयका विशिष्टीकृत विषय(भौतिक शास्त्र, रसायन शास्त्र, जीव विज्ञान आदि)को शिक्षक छनौटका लागि त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसमा अध्यापनरत स्थायी उप प्राध्यापक वा सह प्राध्यापकलाई विज्ञका लागि मनोनयन गरिनेछ र यसका लागि सूचीकृत भइरहनु पर्ने छैन ।

२. माथिल्लो तहको विज्ञ स्वत: तल्लो तहको विज्ञ हुने भएकाले फरक फरक तहका लागि फरक फरक दरखास्त पेश गर्नुपर्ने छैन ।

ठाकुर जी तिवारी
उपसचिव, अधिकृत स्तर दशौँ